# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर १९ गते

<u>आयोगद्वारा राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश</u>

## सरकार र राजनीतिक दलहरू मानव अधिकारप्रति प्रतिबद्ध हुन आवश्यक : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले राष्ट्रपति डा. रामवरण यादवसमक्ष राष्ट्रपतिभवन शीतलनिवासमा आयोगको वार्षिक प्रतिवेदन (२०७०/०७१) एक समारोहबीच पेश गर्नुभएको छ।

अध्यक्ष शर्माले राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्दै राजनीतिक नेतृत्वबाट प्रतिबद्धता जाहेर भएअनुसार समयसीमाभित्र संविधान बन्ने आधार स्पष्ट हुन नसकेको तथा लम्बिदो सङ्क्रमणकालप्रति चिन्ता जाहेर गर्नुभयो।

उहाँले भन्नुभयो, 'राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणले दण्डहीनताको अवस्था अन्त्य हुन कठिन भएको छ। यसबाट कानुनी शासन, लोकतन्त्र र मानव अधिकारका मूल्य-मान्यताहरूलाई असर पारेको छ। व्यवहारतः अहिले पनि सरकार र राजनीतिक दलहरू मानव अधिकारको संरक्षण र सम्वर्द्धनप्रति पूर्णतः प्रतिबद्ध हुन नसकेको आभाष दिइरहेको छ।'

अध्यक्ष शर्माले आयोगले मानव अधिकार उल्लङ्घनका घटनामा गरेका सिफारिसहरूमा पीडितलाई क्षतिपूर्ति दिइने गरेको तर अपवादबाहेक आरोपित व्यक्ति वा अधिकारीहरूमाथि कानुनी कारबाही नभएको अवस्थाप्रति टिप्पणी गर्दै सरकार र राजनीतिक दलहरू मानव अधिकारप्रति पूर्ण प्रतिबद्ध हुन नसकेको धारणा अघि सार्नुभयो।

आयोगको अवस्थाबारे उहाँले भन्नुभयो, 'राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिमा आफ्नो "ए" श्रेणीको हैसियत कायम राख्न आयोग सफल भएको छ। अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यलाई आयोगले निरन्तरता दिँदै आएको छ।'

उहाँले आयोगले भोग्नुपरेको समस्याबारे भन्नुभयो, 'आयोगको सिफारिस प्रभावकारी रूपमा कार्यान्वय नहुनु, जनशक्तिका सीमितता जस्ता कारणले आयोगको काम कारबाहीलाई प्रभावित पारेको छ।'

आयोगमा आ. व. २०७१/०७१ मा यातना, दुर्व्यवहार, महिला अधिकार, न्यायप्रशासन, बाल अधिकार गैरन्यायिक थुना, हत्या, धम्की, सम्पत्तिको अधिकार आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, जातीय विभेद, आप्रवासी कामदारको अधिकारलगायतका विषयमा २ सय ४० वटा उजुरी परेका छन्।

यसैगरी, आयोगले समग्र मानव अधिकारको अवस्था, नागरिक तथा राजनीतिक अधिकार (गत संविधानसभा निर्वाचनमा मानव अधिकारको अवस्था), बाल अधिकार, महिला अधिकार हिरासत र कारागारको अवस्था, ज्येष्ठ नागरिकको अधिकार, जातीय भेदभावविरुद्धको अधिकार, राजनीतिक दल, तिनका भ्रातृसङ्गठनबाट बन्द हड्ताल, विरोध कार्यक्रम, आमसभा, र्‍याली, जुलुस, अनसन, स्वास्थ्यको अधिकार आदि विषयमा २ सय १६ पटक अनुगमन गरेको प्रतिवेदनमा उल्लिखित छ।

सो अवसरमा आयोगका सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी तथा गोविन्द शर्मा पौड्याल पनि उपस्थित हुनुहुन्थ्यो।

......................

वेदप्रसाद भट्टराई

कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org